# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-नोट

वैशाख १७, २०७७

## देशका ७७ वटै जिल्लाहरुमा मानव अधिकार अवस्था अनुगमन समिति गठन ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपाल बीच सहकार्य गरी कार्य गर्ने निर्णय भएबमोजिम देशका ७७ वटै जिल्लाहरुमा मानव अधिकार अवस्था अनुगमन समितिहरु गठन भएका छन् । मानव अधिकार अनुगमनको लागि यसअघि नै उच्चस्तरीय, केन्द्रस्तरीय र प्रदेशस्तरीय समितिहरु गठन भइसकेका छन् ।

आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको संयोजकत्वमा उच्चस्तरीय मानव अधिकार अवस्था अनुगमन तथा समन्वय समिति, आयोगका निर्देशक यज्ञप्रसाद अधिकारीको संयोजकत्वमा केन्द्रस्तरीय मानव अधिकार अवस्था अनुगमन समिति, आयोगका प्रदेश कार्यालय प्रमुखको संयोजकत्वमा प्रदेशस्तरीय मानव अधिकार अवस्था अनुगमन समिति र नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपालका जिल्लाका अध्यक्षहरुमध्येबाट संयोजक रहने गरी ७७ वटै जिल्लाहरुमा जिल्लास्तरीय मानव अधिकार अवस्था अनुगमन समितिहरु गठन भई कार्य सुरु गरेका छन् । अनुगमन समितिहरुले कोभिड-१९ को संक्रमणको विरुद्ध लड्न नेपाल सरकारबाट भैरहेका कार्यहरु, स्वास्थ्योपचारको व्यवस्था, आम उपभोक्ताहरुको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, न्याय प्रशासनमा पहुँच, नागरिकको कर्तव्यलगायतका विषयहरुमा केन्द्रित भई अनुगमन गर्नेछन् ।

यसैगरी, लकडाउनको अवस्थामा नागरिकको कर्तव्य र मानव अधिकारको सम्बन्धमा सचेतना अभिवृद्धि गराउने उद्देश्यले सातवटै प्रदेशमा एफएम रेडियोहरुबाट नेपालीसहित मगर, चाम्लिङ, शेर्पा, अवधि, भोजपुरी, मैथिली, थारु, डोटेल, अछामी र नेवारी गरी ११ वटा भाषामा आयोगबाट सचेतनामूलक सन्देशहरु प्रसारण भैरहेका छन् ।

..........................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org